# पर्सागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/०८३

चलानी नं.:-

मिति: २०८२/०५/०९ गते
ने.सं. ११४५ जलाथ्व २ सोमवार

सूचना! सूचना!! सूचना!!!

विगत केही दिन देखि विरगंज महानगरपालिका भित्र मात्र केही बिरामीहरुमा हैजा देखापरेको जानकारी प्राप्त भएको छ । वर्षायाम सँगै खानेपानी असुद्ध हुन् र असुद्ध पानीमा हैजाको किटाणु छिटो बृद्धि हुने र त्यस्तो पानी तथा हैजा लागेको मानिसबाट बिरामीको दिसा तथा वान्ताको माध्यमबाट निरोगी मान्छेलाई पनी यो रोग सर्ने र महामारीको रुप लिने भएको हुँदा बिरामी देखापरेको स्थान नजिक रहेका अन्य स्थानमा समेत रोग फैलने सम्भावना रहेको हुँदा पर्सागढी नगरपालिका भित्र पनि हैजा फैलन सक्ने खतरा रहेको हुँदाम यो रोगबाट बच्न उच्च सावधानी अपनाउनुहुन सम्पूर्ण नगरवासीमा यो सूचना मार्फत जानकारी गराइन्छ । झाडापखाला तथा हैजाको लक्षण चिन्ह देखापरेमा तुरुन्त स्वास्थ्य संस्थाको सम्पर्कमा आउन र बेलैमा रोग पत्ता लगाई उपचार गराउनुहुन समेत सूचित गरिन्छ ।

<u>हैजाका लक्षण चिन्हहरु:-</u>

१. लगातार चौलानी पानी जस्तो पातलो दिसा हुने, वाकवाक लाग्ने र वान्ता हुने ।
२. शरिरबाट धेरै मात्रामा पोषण तत्व र पानी साथै नुन समेत दिसाको माध्यमबाट निस्कने हुँदा शरिर सिथिल हुने, जल वियोजन हुने, रक्तचाप घटने र आँखा गड्ने, बढी तिर्खा लाग्नुको साथै शरिरमा अक्सिजनको मात्रा समेत कम हुने ।
३. कडा जलवियोजन भई बिरामीको मृत्यु समेत हुने ।

<u>हैजाबाट बच्न के गर्ने:-</u>

१. दुसित पानीको प्रयोगबाट जोगिन पानी १००°c मा उमालेर मात्र पिउने ।
२. खाना खान र बनाउनु अघि साबुनपानीले राम्रोसँग मिचीमिची हात धुने ।
३. हैजा फैलिएको स्थानमा आवत जावत गर्दा उच्च सतर्कता अपनाउने ।
४. पानीको मुहान सफा राख्ने र शौचालयमा मात्र दिसा पिसाब गर्ने, शौचालय सफा राख्ने ।
५. फलफूल, सागपात तथा सलाद खाँदा राम्रोसँग पखालेर मात्र खाने ।
६. व्यक्तिगत तथा वातावरणीय सरसफाईमा सबैले ध्यान दिने ।
७. लगातार पातलो चौलानी पानी जस्तो दिसा भएमा वा वान्ता भएमा तुरुन्त स्वास्थ्य परिक्षण गराउने ।

Mobile No.: 9855011112, Email : parsagadhimun2075@gmail.com, info@parsagadhimun.gov.np, Website:https://parsagadhimun.gov.np


CamScanner

झाडापखाला र हैजाबाट जोगिन नगरपालिकाको अनुरोधः-

१. महामारी हुन नदिन र्यापिड रेस्पोन्स टिम गठन गरिएको हुँदा कुनै निश्चित क्षेत्रमा झाडापखाला देखापरेमा तरुन्त आफ्नो नजिकको महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य संस्थालाई जानकारी गराउने ।

२. र्यापिड रेस्पोन्स टिमलाई सम्बन्धित स्वास्थ्य संस्थाले तुरुन्त जानकारी गराई बिरामीको यथाशिघ्र निदान हुने र उपचार हुने व्यवस्था मिलाउने ।

३. जिल्ला स्तरिय र्यापिड रेस्पोन्स टिमलाई स्थानिय RRT ले तुरुन्त जानकारी गराउने र रोग पत्तालगाउन सहयोग लिने, साथै बिरामीको उपचारको लागि समन्वय गर्ने ।

४. सबै स्वास्थ्य संस्थाको नेतृत्वमा महिला स्वास्थ्य स्वयंसेवक र स्वास्थ्य आमा समूह मार्फत जनचेतना अभिबृद्धि गर्ने साथै बृहत सरसफाई अभियान चलाउने ।

५. महामारीको पूर्वतयारी गरि बफरस्टक औषधी र स्वास्थ्यकर्मीको उपलब्धता सहज बनाउने ।

CamScanner